नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.................................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. :-

मिति :..२०७५।०५।१९....

## प्रेस विज्ञप्ति

आज मिति २०७५ भाद्र १९ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा विभिन्न मन्त्रालय र केन्द्रीय निकायका प्रतिनिधिहरू बीच महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन २०७४ ले पहिचान गरेका सुधारका क्षेत्रहरूको कार्यान्वयन अवस्थाको बारेमा वृहत् छलफल सम्पन्न भयो ।

छलफलको सुरुवातमा महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदन,२०७४ ले पहिचान गरेका सुधारका क्षेत्रहरूको मुख्य मुख्य बुँदाहरूलाई सहभागीहरू माझ प्रस्तुतीकरण गरिएको थियो । प्रस्तुतीकरण पश्चात् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव केदार बहादुर अधिकारीज्यूले महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन २०७४ मा उल्लेख भएका आफ्नो निकाय अन्तर्गतका सुझावहरू के कति कार्यान्वयन भए ? कुन कुन सुझावहरू कार्यान्वयन हुन सकेनन् ? दिएका सुझावहरू कार्यान्वयन हुन नसक्नुका कारण के के हुन ? कार्यान्वयनको क्रममा आएका नीतिगत र व्यवहारिक समस्याहरू के के हुन ? लगायतका विषयमा सहभागी सबैलाई आफ्नो धारणा राख्न आग्रह गर्नुभयो ।

छलफलमा भाग लिंदै विभिन्न मन्त्रालय तथा निकायका प्रतिनिधिज्यूहरूले गत आर्थिक वर्षमा आफूले प्रतिनिधित्व गरेका निकायहरूले महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदनले दिएका सुझावहरूको कार्यान्वयन अवस्था र सुझावहरू कार्यान्वयनको क्रममा रहेका नीतिगत र व्यवहारिक समस्या र चुनौतीहरू उल्लेख गर्दै आगामी दिनमा आयोगका सुझावहरू कार्यान्वयन गर्न योजनाबद्ध रूपमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

छलफलमा अन्तमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव केदार बहादुर अधिकारीज्यूले महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदनले दिएका सुझावहरूको कार्यान्वयनको प्रगति र कुनै नीतिगत सुधारको सुझाव भए सो समेत समेटी १५ दिन भित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउन अनुरोध गर्नु भयो । साथै उहाँले आर्थिक अनुशासन कायम गर्दै विकास निर्माण र सेवा प्रवाहमा देखिएका समस्याको समाधान गरी आमजनताले तत्काल सुशासनको अनुभूति गर्न सक्ने गरी कार्यसम्पादन गर्न सहभागी सबैलाई आग्रह गर्नुभयो ।

..............................

(विनोद बहादुर कुँवर)

प्रवक्ता, सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np